# निजी आवास पुनर्निर्माण गरेका लाभग्राहीसँग अन्तरक्रिया

बनेपा, असार ८
भूकम्पपछि निजी आवास पुनर्निर्माण गरेका काभ्रे पनौती–४ का लाभग्राहीसँग विभिन्न सरकारी निकाय तथा विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिहरुले अन्तरक्रिया गर्नुभएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, शहरी विकास तथा भवन निर्माण विभाग, विश्व बैंक तथा अमेरिकी सहायता नियोग (युएसएआइडी) का अधिकारीहरुद्वारा पुनर्निर्माणका अनुभव तथा सिकाइहरुबारे स्थलगत रुपमै अन्तरक्रिया गरिएको हो ।



त्यसक्रममा पुनर्निर्माण लाभग्राहीहरुले सरकारद्वारा प्रदान गरिएको तीन लाख रुपैयाँ अनुदान तथा प्राविधिक सहयोगले भूकम्प प्रतिरोधी घर बनाउन मद्दत मिलेको प्रतिक्रिया दिनुभएको थियो । स्थानीय सपना श्रेष्ठले भन्नुभयो, 'घर बनाउन इञ्जिनियरहरुले हाम्रो घर आँगनमा आएर प्राविधिक सहयोग दिनुभयो जसका कारण हामी भूकम्प प्रतिरोधी घर बनाउन सक्षम भयौं ।' अर्का लाभग्राही अज्ञान बस्नेतले आफूहरुले बनाएका भूकम्प प्रतिरोधी घरमा बस्दा शान्तिको अनुभव

हुने गरेको सुनाउनुभयो ।
अन्तरक्रिया कार्यक्रममा आफ्नो मन्तव्य राख्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले पुनर्निर्माणका अनुभवहरुबाट सिकेर नेपाललाई सबै खालका जोखिमबाट सुरक्षित मुलक बनाउने दिशातिर कार्ययोजना बनाएरै काम भइरहेको बताउनुभयो ।

विश्व बैंकका माल्दिब्स, नेपाल र श्रीलंका हेर्ने मानव विकासका कार्यक्रम प्रमुख रेने एन्टोनियो सोलानाले विश्व बैंकले आर्थिक सहयोग गरेको भए पनि नेपाली नागरिकले आफ्नो घर आफैं बनाएको र भूकम्प प्रतिरोधी घरहरु बनेर सहयोगको सही सदुपयोग भएकोमा खुशी लागेको बताउनुभयो ।
त्यसक्रममा पनौती नगरपालिका उपप्रमुख गीता बञ्जराले पनौती नगरपालिकाका निजी आवास, विद्यालय तथा स्वास्थ्य संस्थाहरु पुनर्निर्माणमा सहयोग गरेकोमा नेपाल सरकार तथा विश्व बैंकलगायतका विकास साझेदारहरुलाई धन्यवाद दिनुभयो । उपप्रमुख बञ्जराले घर पुनर्निर्माण गरिसकेका केही लाभग्राहीले तेस्रो किस्ता प्राप्त गर्न ढिलाइ भइरहेकाबारे ध्यानाकर्षण पनि गराउनुभएको थियो ।
सो अवसरमा प्राधिकरणका सहसचिव अनिता निरौला, शहरी विकास तथा भवन निर्माण विभागका सिडिई प्रभाकरलाल कर्ण, विश्व बैंकका बरिष्ठ विपद् जोखिम व्यवस्थापन विज्ञ हेमाङ करेलिया, अमेरिकी सहयोग नियोग (युएसएआइडी) का निमित्त कार्यालय निर्देशक डेभिड म्यान लगायतको उपस्थिति थियो ।
पनौती—४ मा ८८२ लाभग्राहीले सरकारी अनुदानमा आवास पुनर्निर्माण गरेका छन् जसमध्ये ३९८ ले विश्व बैंकको ऋण सहयोग अन्तर्गतको अनुदान प्राप्त गरेका थिए ।



आजै, प्राधिकरण तथा विश्व बैंकका प्रमुख तथा प्रतिनिधिहरुले तत्कालीन पुनर्निर्माण प्राधिकरणले विश्व बैंङ्कद्वारा समन्वय गरिएको मल्टि डोनर ट्रस्ट फन्ड (एमडिटिएफ)को सहयोगमा सञ्चालित ४५ दिने तालिममा सहभागी महिला डकर्मीहरुसँग धुलिखेलमा अन्तरक्रिया गर्नुभयो । उहाँहरुले महिला डकर्मीहरुको तालिमपछिको अनुभव र उहाँहरुको जीवनमा त्यसको प्रभावबारे जानकारी लिदै उहाँहरुको सीपलाई बाढी, पहिरो लगायतका विपदपछिको पुनर्निर्माणमा कसरी सदुपयोग गर्न सकिन्छ भन्नेबारे छलफल गर्नुभयो । महिला डकर्मीहरुले मनसुनजन्य तथा आगलागीजन्य विपदबाट क्षति भएका आवासहरुको पुनर्निर्माणमा आफूहरुलाई संलग्न हुने अवसर प्रदान गर्न आग्रह गर्नुभएको थियो ।